# डोल्पो बुद्ध गाउँपालिका

༄༅། དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## Dolpo Buddha Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

धो, डोल्पा

कर्णाली प्रदेश, नेपाल

डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धो, डोल्पा २०७३

**मिति: २०८३।०५।१७ गते**

**<u>प्रेस विज्ञप्ती ।</u>**

मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण सो नदीको तटीय क्षेत्रमा पुर्याएको अकल्पनीय मानवीय तथा भौतिक क्षतिको घटनाप्रति डोल्पो बुद्ध गाउँपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ । यस प्राकृतिक विपत्तिले पुऱ्याएको अपूरणीय क्षतिले सम्पूर्ण गाउँपालिकाबासीलाई स्तब्ध बनाएको छ ।

संकटको यस घडीमा बाढी प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनामा थोरै भए पनि सहायता पुगोस् भन्ने उद्देश्यले डोल्पो बुद्ध गाउँपालिकाले **प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा रु. १,००,०००।- (अक्षरेपी एक लाख रुपैयाँ मात्र)** सहयोग रकम उपलब्ध गराउने निर्णय गरेको जानकारी गराउँदछौँ।

यस दुखद प्राकृतिक प्रकोपमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौँ। साथै, घाइते तथा प्रभावित नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ।

मान बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

कार्मा छोईवेल गुरुङ
गाउँपालिका अध्यक्ष

Website: www.dolpobuddhamun.gov.np Phone: 087-550046Email: ito.dolpobuddhamundolpa@gmail.com